सुदूरपश्चिम प्रदेश सरकार
# भौतिक पूर्वाधार विकास मन्त्रालय
धनगढी, कैलाली, नेपाल

प.सं.२०८२।०८३
च.नं.

## सार्वजनिक सूचना ।

मितिः २०८२।०५।२९

विषयः हराएका/चोरी भएका जिन्सी सामान सम्बन्धमा ।

मिति २०८२।०५।२४ गतेको जेन-जी प्रदर्शनको क्रममा मन्त्रालयमा भएको आगजनी तोडफोड एंव लुटपाटको क्रममा यस मन्त्रालयमा समेत गम्भीर क्षति पुगेको छ । सार्वजनिक सम्पतिको रुपमा यस मन्त्रालयमा रहेका ल्यापटप, कम्प्यूटर, प्रिन्टर, डिजिटल क्यामरा, कुर्चि, पुस्तक लगायतका सामाग्री चोरी तथा लुटपाट भएको पाइएको छ । सिसिटिभी फुटेजमा संग्रहित अभिलेखबाट उक्त चोरी तथा लुटपाटमा संलग्न व्यक्तिहरुको सहज पहिचान हुने तथ्य समेतलाई मध्यनजर गर्दै उल्लेखित सामाग्रीहरु जो-जससँग रहेको वा प्राप्त गर्नुभएको छ, अविलम्ब यस कार्यालय, महान्यायाधिवक्ताको कार्यालय वा नजिकको सुरक्षा निकायमा बुझाइदिनु हुन बिनम्र अनुरोध गरिन्छ । साथै यस सम्बन्धमा कुनै जानकारी वा सूचना प्राप्त गर्नुहुने जो कोहीले पनि देहायको सम्पर्क नं. हरुको साथै यस कार्यालयका कर्मचारीहरुलाई जानकारी गराई सार्वजनिक सम्पत्तिहरुको पुनःप्राप्तीको अभियानमा सहयोग गरिदिनुहुन सम्पूर्ण जनसमुदायमा हार्दिक अपिल गर्दछौं ।

पुनश्चः यसरी जानकारी दिनुहुने व्यक्तिको परिचय वा पहिचान आवश्यक परे गोप्य राखिने व्यहोरा समेत सादर अनुरोध गरिन्छ ।

सम्पर्क व्यक्तिहरु
स्टोर प्रमुख सम्पर्क नं. : ९८६५६८२५८०
सूचना अधिकारी सम्पर्क नं. : ९८५८४७७०२०
कार्यालय प्रमुख सम्पर्क नं. : ९८५८४८३३८०

फोन नं.:०९१-५२३३०३, फ्याक्सः०९१-५२७२७४, ईमेलः mopidp7@gmail.com, वेवसाइटः mopid.p7.gov.np